# सुन्दरवजार नगरकार्यपालिका

## लमजुङ्ग

को

आर्थिक वर्ष २०७५।७६ को

वार्षिक नगर विकास योजना तर्जुमाका लागि

वडा समितिको कार्यालयमा पठाईएको

## मार्गदर्शन तथा कार्यविधिका वुँदा

**योजना शाखा**

सुन्दरवजार नगरपालिका,
लमजुङ्ग
आर्थिक वर्ष २०७५।७६ को वार्षिक योजना तर्जुमाको लागि

# वडा समितिका कार्यालयहरुलाई पठाईएको मार्गदर्शन एवम् कार्यविधिका वुदाँ

१.संघीय सरकारवाट प्राप्त हुन आउने थप श्रोत एवम् ४ नं प्रदेश सरकारवाट प्राप्त हुन आउने अनुदान रकमको सुनिश्चितता भई नसकेको हुदाँ यस नगरपाकिाका ११ वटा वडाहरुको लागि आगामी आ व २०७५।७६ को वार्षिक वजेट सिलिड०ग कायम गर्न सकिएको छैन । सो कायम नभएको अवस्थामा आगामी आ व को योजना तर्जुमा प्रकृया अगाडी वढाउन आवश्यक भएको हुदाँ आफनो वडा विकास योजनाको कार्यकमहरु तर्जुमा गर्दा निम्न अनुसारको मार्गदर्शनमा रहेर गनुपर्नेछ ।

| सि नं | विषय | कैफियत |
|---|---|---|
| १. | वडा विकासको योजना तथा कार्यक्रम वस्तुगत आधारमा छनौट र सिफारिस गरिनु पर्नेछ । | |
| २. | आयोजना पूर्णरुपमा एउटै हुनुपर्दछ । एउटा आयोजनाको नामाकण भएको आयोजनालाइ खण्डिकृत गरि वा विभिन्न ठाउँमा काम गर्ने गरी टुक्रएर छनौट वा सिफारिस गर्न पाईने छैन । ( एउटै विन्दुवाट प्रारम्भ भई शुरु हुने, जोडिएको र एउटै प्रकृतिको एउटै लागत इष्टिमेटले समेट्ने हुनुपर्दछ ) | |
| ३ | वडाले आफनो वडाको विकास योजनाको अतिरिक्त नपाको नगरस्तरिय योजनाको रुपमा संचालन गर्न गराउनको लागि योजना छनौट तथा सिफारिस गरि पठाउनु पर्नेछ । यस्तो खालको योजना अनुसूची ४ (ख) फारममा उल्लेख गरि पठाउनु पर्नेछ । | |
| ४ | वडाका प्रत्येक वस्तीवाट वडा सदस्यको संयोजकत्ववाट संकलन भई आएका प्राथमिकताकम वमोजिमका प्राप्त भएका सवै योजना कार्यकमहरुलाई वडा समिति वैठकले अनुसूची ३ (ख) को प्राथमिकताकम निर्धारण फारममा सूची तयार गर्नुपर्नेछ । र आयोजना प्राथमिकीकरणका आधारहरुको तोकिए वमोजिमको अंक प्रदान गरि प्राथमिकताकम निर्धारण गर्नुपर्नेछ । सो गरि सकेपछि ती प्राथमिकताकमका योजनाहरुलाई अनुसूची ४(क) फारमको प्रयोग गरी विषय क्षेत्र अनुसार छुटटा छुटटै फारम भरी सूची तयार गर्नुपर्नेछ । र यीनलाई वडा समितिको वैठकले निर्णय गरी वडा समितिको निर्णय सहीत विषय क्षेत्र अनुसार तयार गरिएका सवै योजना कार्यकमहरु नगरपालिका कार्यालय, योजना शाखामा मिति २०७५।२।२९ गते अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । | |
| ५ | वडा समितिको वैठकमा माग भएर आएका वहुवडा समेट्ने धेरै वडालाई फाईदा पुरयाउने खालको योजनालाई नगरस्तरिय योजनाको लागि छुटटै फारम ( अनुसूची ४(ख) भरी नगरपालिकामा निर्णय सहीत सिफारिस गरि पठाउनु पर्नेछ । | |

३. वडाले आफनो वार्षिक वडा विकास योजना तर्जुमा गर्दा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ ( परिमार्जित) को व्यवस्था अनुसार निम्न विषयहरुको पालना गरि गर्नुपर्नेछ ।

(क) वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिनुपर्नेछ :
१.आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुरयाउने ।
२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
३.जनताको जीवनस्तर, आम्दानी र रोजगारी वढ्ने ।
४.स्थानीय सहभागीता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।
५.स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने ।
६. महिला वालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
७. लैडि०गक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने ।
८. दिगो विकास,वातावरणीय संरक्षण तथा सर्म्वदन गर्न सघाउ पुरयाउने ।
९. भाषिक तथा सास्कृतिक पक्षको जगेर्न र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुरयाउने ।
१०.आवश्यक देखेका अन्य विषयहरु ।

७५।२।२०
प्रेम राज गिरी
प्रमुख प्रशासकीय अधिकृत

(ख) वडाले आफनो वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न विषयहरुमा ध्यान दिनुपर्नेछ :

१.संघ र प्रदेश सरकारको नीति, लक्ष्य उदेश्य समय सीमा र प्रकृयासंग अनुकूल हुने ।

२.वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन ।

३.सुशासन,लैडि०गक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तर सम्वन्धित विषयहरु

४.समाजका सवै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु ।

५.अन्तर वडाको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु,

६.विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु ।

(ग) वडामा वस्ती वस्तीवाट प्राप्त भएका माग/कार्यक्रम/योजनाहरुलाई वडाले प्राथमिकीकरण गरि नपामा सिफारिस गर्न स्वीकृती गर्नुपूर्व निम्न अनुसार विषय/क्षेत्रमा वर्गिकरण गरी विषयक्षेत्रगत रुपमा छुटयाई अनुसूची ४(क) फारम भरी न पा मा सिफारिस गरी पठाउनु पर्नेछ :

| आर्थिक विकास | सामाजिक विकास | पूर्वाधार विकास | वन, वातावरण तथा विपद् व्यवस्थापन | सुशासन तथा संस्थागत विकास |
|---|---|---|---|---|
| कृषि / पशुसेवा / पर्यटन / उद्योग तथा वाणिज्य / सहकारी / वित्तिय संस्था जस्ता क्षेत्र समावेश गर्ने । | शिक्षा / स्वास्थ्य / खानेपानी तथा सरसफाई / संस्कृति प्रर्वधन / खेलकूद तथा मनोरन्जन / लैडि०गक समानता तथा सामाजिक समावेशीकरण ( महिला, वालवालिका, जेष्ठनागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम, थारु, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने । | स्थानीय सडक तथा पुल / झोलुड०गेपुल समेत / सिचाई / भवन तथा शहरि विकास / उर्जा / लघु तथा साना जलविद्युत / वैकल्पिक उर्जा /संन्चार जस्ता क्षेत्र समावेश गर्ने । | वन तथा भू संरक्षण, / जलाधार संरक्षण / जलवायु परिवर्तन / फोहोरमैला तथा ढल व्यवस्थापन / जल उत्पन्न प्रकोप नियन्त्रण / विपद व्यवस्थापन / वारुणयन्त्र संचालन जस्ता क्षेत्र समावेश गर्ने | मानव संशाधन विकास / संस्थागत क्षमता विकास / राजश्व परिचालन / वित्तीय व्यवस्थापन / वित्तिय जोखीम न्यूनिकरण / सार्वजनिक सुनुवाई / सामाजिक परीषण / आन्तरिक / अन्तिम लेखा परीषण / वेरुजु फछ्यौंट / सेवा प्रवाहका मापदण्ड निर्धारण / सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग / नागरिक सन्तुष्टि सर्भेक्षण / अन्तरवडा समन्वय जस्ता क्षेत्र समावेश गर्ने। |

(घ) वडा विकास योजना तर्जुमाको प्रकृया चरणमा वस्ती तहका योजना छनौट गर्दा निम्न अनुसार गर्नुपर्नेछ

१. वडा समितिले आफनो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न वस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।

२. प्रत्येक वडाले वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि वैठक हुने दिन मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ ।

३. वस्ती तहका योजना छनौट गर्दा सो वस्ती भित्रका सवै वर्ग र समुदाय ( महिला, दलित, आदिवासी जनजाति, मधेशी,थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैडि०गक तथा यौनिक अल्पसख्यक, अपांगता भएका व्यक्ति , पिछडिएको वर्ग आदि ) को प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ।

४.टोल / वस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल वस्ती भित्रका कियाशिल सामुदायिक संस्थाहरु ( टोल विकास संस्था, आमा समूह, वाल क्लव/संजाल,युवा क्वल, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयवाट गठन भएका समूह जस्ता समूहहरु ) लाई पनि सहभागी गराउनु पर्नेछ ।

५. माथि वुदा १ देखि ४ सम्म उल्लेख भए वमोजिमका सरोकारवालाहरुको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै योजना छनौटको सम्वन्धमा अन्तरकिया, छलफल, विमर्श गरी योजनाहरुको संकलन र छनौट अनुसूची ३(क) वमोजिम गर्नुपर्नेछ। यसरी छनौट भएका योजनाहरुको सूची (अनुसूची ३(क) मा तयार गरी ) संयोजकले लिखित रुपमा वडा समितिमा पठाउनु (पेश गर्नु ) पर्नेछ ।

(ङ) वडा विकास योजना तर्जुमाको प्रकृया अर्न्तगत वडातहमा योजनाको छनौट तथा प्राथमिकीकरण गर्दा निम्न अनुसार गर्नुपर्नेछ :

१.स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिवाट वडालाई प्राप्त भएको मार्गदर्शनको आधारमा सम्वन्धित वडाहरुले वस्ती टोलवाट वडासदस्य(संयोजक)वाट प्राप्त भएका अनुसूची ३(क) का योजनाहरुलाई अनुसूची ३(ख) मा एकिकृत सूची वनाई योजनाहरुको छनौट र प्राथमिकता निर्धारण समेत गरी अनुसूची ४(क) ( निम्न ढाचाँमा ) वमोजिमको ढाचाँमा न.पाको वजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्नेछ। ( यस सम्वन्धी फारमहरु उपलब्ध गराईएको छ )

२०८५/२/२१
प्रेम राज गिरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची : ४(क)

# सुन्दरवजार नगरपालिका
## वडा नं........
## आयोजनाको प्राथमिकीकरण सूची, २०७५।७६

(क) निर्धारित वडागत वजेट सीमा भित्रका आयोजनाहरुका लागि :

| प्राथमिकता कम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत (लाखमा) | यस आयोजनामा गर्नुपर्ने मुख्य कामहरु | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीति संग सम्वन्धित |
|---|---|---|---|---|---|---|---|
| (क) आर्थिक विकास : | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| (ख) सामाजिक विकास : | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| (ग) पूर्वाधार विकास : | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| (घ) वातावरण तथा विपद् व्यवस्थापन समिति : | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| (ङ) सुशासन तथा संस्थागत विकास : | | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

(ख) नगरपालिका स्तरीय ( नगरका, वडाका गौरवका आयोजना, वहुवर्षिय आयोजनाहरु र दुई वा सो भन्दा वढि वडामा पर्ने आयोजनाहरु ) यस्ता योजना अनुसूची ४(ख) मा भरेर पठाउनु पर्नेछ

| प्राथमिकता कम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत (लाखमा) | यस आयोजनामा गर्नुपर्ने मुख्य कामहरु | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीति संग सम्वन्धित |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |

०७५।१२।२०
प्रेम राज गिरी
प्रमुख प्रशासकीय अधिकृत

**(ग) वडा र नगरको वजेटवाट संम्भव नहुने प्रदेश सरकार र संघीय सरकार संग अनुरोध गर्नुपर्ने ठूला र वढि लागतका आयोजनाहरु :** ( यसको फारम छपाई गरिएको छैन , यस्ता खालका योजना सिफारिस गर्नुपर्ने भएमा निम्न ढाचाँमा अनुसूची ४ (ख) वमोजिम नै भरेर वडा समितिले निर्णय र सिफारिस गरि नगरपालिकामा पठाउनु पर्नेछ )

| प्राथमिकता कम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत (लाखमा) | यस आयोजनामा गर्नुपर्ने मुख्य कामहरु | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीति संग सम्वन्धित |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |

२. वस्ती टोलवाट योजना माग गर्दा वडा स्तरका महत्वपूर्ण योजनाहरु छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरु वडा समितिले मार्गदर्शन र औचित्यताको आधारमा समावेश गर्न सक्नेछ । वडाको कायम हुने वजेट सीमा भित्र कार्यान्वयन हुन नसक्ने गाउँ नगर स्तरिय महत्वपूर्ण आयोजनाहरु भएमा वडा समितिले नगरपालिकामा छुट्टै सूची ( अनुसूची ४(ख) मा भरेर पठाउन सक्नेछ ।
३. वडा समितिले आयोजनाहरुको प्राथमिकीकरण गर्दा निम्न अनुसारका आधारहरु वमोजिम ( अनुसूची ३(ख) को पछाडी पेजमा आधार र अंक दिईएको छ) गर्नुपर्नेछ :

## आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फारम

(क) आयोजना प्राथमिकीकरणका आधारहरु :

| | |
|---|---|
| (१) गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु ( २० अंक )<br>क) प्रत्यक्ष योगदान पुरयाउने : २० अंक<br>ख) अप्रत्यक्ष योगदान पुरयाउने : १० अंक<br>ग) तटस्थ : ५ अंक | (२) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु ( १५ अंक )<br>क) चालू आ व मा नै सम्पन्न हुने : १५ अंक<br>ख) आगामी आ व मा सम्पन्न हुने : १० अंक<br>ग) अन्य : ५ अंक |
| ३) आम्दानी र रोजगार वृद्धि गर्ने आयोजनाहरु (१५ अंक )<br>क) प्रत्यक्ष योगदान पुरयाउने : १५ अंक<br>ख) अप्रत्यक्ष योगदान पुरयाउने : ७.५ अंक<br>ग) तटस्थ : ० | (४) लागत सहभागिता जुट्ने आयोजनाहरु ( १५ अंक )<br>क) ५०% वा सो भन्दा वढि लागतसहभागिता हुने : १५ अंक<br>ख) २०%देखि ५०%सम्म लागत सहभागिता हुने : १० अंक<br>ग) २०% सम्म लागत सहभागिता हुने : ५ अंक |
| ५) स्थानीय स्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु ( १० अंक )<br>क) आयोजनालाई आवश्यक पर्ने सवै श्रोत, साधन स्थानीय तहमा उपलब्ध हुने : १० अंक<br>ख) आयोजनालाई आवशयक पर्ने ५०% सम्म श्रोत साधन स्थानीय तहमा उपलब्ध हुने : ७.५ अंक<br>ग) अन्य : ५ अंक | ६) समावेशी विकासमा योगदान पुरयाउने आयोजनाहरु ( १० अंक )<br>क) प्रत्यक्ष योगदान पुरयाउने : १० अंक<br>ख) अप्रत्यक्ष योगदान पुरयाउने : ५ अंक<br>ग) तटस्थ : ० |
| ७) दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु ( १० अंक )<br>क) प्रत्यक्ष योगदान पुरयाउने : १० अंक<br>ख) अप्रत्यक्ष योगदान पुरयाउने : ५ अंक<br>ग) तटस्थ : ० | (८) स्थानीय भाषिक, सास्कृतिक विकास गर्ने आयोजनाहरु ( ५ अंक )<br>क) प्रत्यक्ष योगदान पुरयाउने : ५ अंक<br>ख) अप्रत्यक्ष योगदान पुरयाउने : ३ अंक<br>ग) तटस्थ : ० |

२०८५।२।२६
प्रेम राज गिरी
प्रमुख प्रशासकीय अधिकृत

(ख) आयोजनाको प्राथमिकताक्रम निर्धारण फारम : (अनुसूची ३ ख )

| क स | आयोजनाको नाम | आधार १ अंक २० | आधार २ अंक १५ | आधार ३ अंक १५ | आधार ४ अंक १५ | आधार ५ अंक १० | आधार ६ अंक १० | आधार ७ अंक १० | आधार ८ अंक ५ | कूल प्राप्तांक | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |

**नोट :** आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्दा सवैभन्दा वढी अंक प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ ।

| क सं | अंक भार | प्राथमिकता नंम्वर | कैफियत / नोट |
|---|---|---|---|
| १ | ८० अंक भन्दा वढी प्राप्त भएमा | १ | यसरी योजना छनौट गर्दा पहिलो प्राथमिकतामा परेको योजनाहरु छनौट गर्ने । रकम उपलवध भएसम्म प्राथमिकता २ र ३ स्वीकृत गर्न सकिने छ । |
| २ | ६० देखि ८० अंक प्राप्त भएमा | २ | |
| ३ | ६० अंक भन्दा कम प्राप्त भएमा | ३ | |
| ४ | ५० अंक भन्दा कम प्राप्त भएमा | न्यून प्राथमिकता | |

## आ.व. २०७५।७६ को वार्षिक वडा विकास योजना तथा कार्यक्रम तर्जुमा सम्बन्धी थप मार्गदर्शन

१. आ.व. ०७५।७६ को वार्षिक वडा विकास योजना तथा कार्यक्रममा तर्जुमा गर्दा नेपालको संविधान २०७२ को व्यवस्था, चालु चौधौ त्रिवर्षिय योजना (२०७३।७४।२०७५।७६) संघीय सरकारको वार्षिक नीति तथा कार्यक्रम, ४ नं प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र यस नगरपालिकाको प्रथम नगरसभावाट स्वीकृत नीति तथा कार्यक्रमहरुलाई मुख्य आधार लिई योजना तर्जुमा गर्नुपर्ने

२. आ.व. ०७५।७६ का लागि प्राप्त भएका सवै योजना कार्यक्रमलाई प्राथमिकीकरण गरि अनुसूची ४(क) वमोजिम वार्षिक वडा विकास योजना/कार्यक्रम तयार गर्नुपर्नेछ ।

३. स्थानीय तह सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४(३) का विषयहरुलाई प्रमुख रुपमा प्राथमिकता प्रदान गरी वडाको आगामी आ व को वार्षिक वडा विकास योजना तयार गर्नु पर्नेछ ।

४. वडाको पुर्वाधार विकास सम्वन्धी आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय स्तरमा रोजगार सिर्जना हुने गरी श्रममुलक तथा वातावरण मैत्री प्रविधिको प्रयोग गर्ने गरी योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने छ ।

५. आफ्नो वडाको विकास निर्माण, सकारात्मक सामाजिक परिवर्तन एवम् नमूना वडा कायम गर्नका लागि पूर्ण सरसफाईयुक्त वडा, बालमैत्री वडा, घरभित्रको धुँवारहीत वडा, महिला हिंसामुक्त वडा, पूर्ण खोपयुक्त वडा, पूर्ण साक्षरयुक्त वडा, विद्यालय जाने उमेरका सवै वालवालिका विद्यालय गएको वडा, सवै गर्भवती महिलाहरु स्वास्थ संस्थामा गएर प्रसुती सेवा लिएर सुत्केरी हुने वडा, सवै घरधुरीमा आफनो नमूना करेशावारी भएको वडा, छुवाछुत मुक्त वडा, वातावंरण मैत्री वडा, जस्ता विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरेर वडालाई नमूना वडा घोषणा वनाउन सक्ने गरी कार्यक्रम तर्जुमा गर्न प्राथमिकता दिनुपर्नेछ ।

६. वडाले आ.व. २०७५।७६ को वार्षिक वडा विकास योजना तर्जुमा गर्दा २०७५ जेष्ठ २८ गते भित्र योजना तर्जुमा कार्य सम्पन्न गरी आफनो वडा विकासको वार्षिक योजना तथा कार्यक्रमको खाँका अनुसूचीका फारमहरु भरी मिति २०७५।२।२९ गते अनिवार्य रुपमा नगरपालिकामा पेश गरिसक्नुपर्नेछ ।

७. आ.व. ०७५।७६ को वार्षिक वडा विकास योजना तर्जुमा गर्दा त्यस वडामा यसभन्दा अगाडी सम्पन्न भईसकेका भौतिक पुर्वाधार संरचनाहरुको निरन्तर नियमित संचालन हुन सक्ने गरी आवश्यक मर्मत संम्भार तर्फ पनि ध्यान दिने ।

८. योजना तर्जुमा हुनभन्दा अगावै निर्माण भईसकेका र कार्य सम्पन्न भईसकेको कुनै पनि योजना/कार्यक्रम प्रस्ताव गर्न, छनौट गर्न र निर्णय गरी सिफारिस गर्न पाईने छैन ।

९. वडा भित्र खाद्य तथा पोषण सुरक्षा, वडाभित्र रोजगारी सिर्जना, वडा भित्र रहेका विपन्न र कमजोर व्यक्ति समुदायको आय आर्जन, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग गर्न गराउनका लागि प्रत्यक्ष लगानी गर्ने गरी योजना तथा कार्यक्रम छनौट एवम् तर्जुमा गर्ने ।

२०७५।२।२०

प्रेम राज गिरी

प्रमुख प्रशासकीय अधिकृत

१०. वडाबाट आयोजना तथा कार्यक्रम स्वीकृत नभई संचालन गरिएको भनिएका योजना तथा कार्यक्रमको रकम भुक्तानी दिन, गत वर्षमा वा चालु आर्थिक वर्षमा पनि निर्धारित प्रक्रिया बमोजिम स्वीकृत र सम्झौता पूर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी दिने प्रयोजनका लागि कार्यक्रम प्रस्ताव, छनौट, सिफारिस गर्न पाईने छैन ।

११. वडाबाट आयोजना तथा कार्यक्रम प्रस्ताव, छनौट एवम् कार्यान्वयन लगायतका सबै चरणहरुमा अत्यधिक मात्रामा जनसहभागिता जुटाउने क्रममा जनसहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजनास्थल, उपभोक्ताको सामर्थ र क्षमता आदिका आधारमा नगद वा श्रम वा शुन्य जनसहभागिताको विषयको निर्धारण गर्नुपर्ने छ । यसरी जनसहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार तथा समुदायलाई विशेष केही सहुलियत दिन एवम् जनसहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समुहलाई योजना वा कार्यक्रमवाट वञ्चित नगरिने नीति अबलम्बन गर्नुपर्नेछ ।

१२. वडावाट दैनिक रुपमा संकलन गरिएको आम्दानी र संम्पादन गरिएको वा भएको भौतिक कार्यहरुको प्रगति विवरण चौमासिक र वार्षिक रुपमा वडा कार्यालयमा सार्वजनिक गर्ने  र संचालित आयोजना तथा कार्यक्रमको नियमित रुपमा अनुगमन, सुपर्यवेक्षणको व्यवस्था मिलाउनुपर्ने छ ।

१३. वडाले नागरिक वडापत्र जारी गरी विकास निर्माणका कार्य तथा सेवा प्रवाह सम्बन्धी कार्यहरु पारदर्शी बनाई उत्तरदायी ढङ्गले संचालन गर्ने र त्यसको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

१४. भौतिक पुर्वाधार तर्फका आयोजनाहरु निर्माण गर्दा सम्भावित प्राकृतिक प्रकोप नहुने व्यवस्था मिलाई वातावरणीय मैत्री पक्षलाई विशेष ध्यान दिनु पर्नेछ । बाढी पहिरो, भु-क्षय, पानीको मुहान विग्रने, पहिलेको विकासका पुर्वाधारका संरचना नष्टहुने, विग्रने गरी योजना तथा कार्यक्रमको प्रस्ताव वा सिफारिस गर्न पाईने छैन ।

१५. विपन्न महिला, विपन्न दलित एवम् विपन्न वर्ग र समुदायलाई प्रत्यक्ष लाभ पुगी तत्काल रोजगार सिर्जना हुने, आयआर्जन हुने खालका सीपमुलक एवम् रोजगारमुलक कार्यक्रमहरुको तर्जुमा गर्न उच्च प्राथमिकता दिनुपर्नेछ ।

१६. विपद् व्यवस्थापन (प्राकृतिक प्रकोप आदी) र जोखिम न्युनीकरणका कार्यक्रमहरुलाई अन्य क्षेत्रका कार्यक्रमहरुमा मुलप्रवाहीकरण गरि जोखिम न्युनीकरण र विपद् व्यवस्थापन चक्रको प्रत्येक चरणलाई सम्बोधन गर्ने खालका कार्यक्रमहरु वडा विकास योजनामा समावेश गर्ने ।

१७. वडाको विकास योजना तर्जुमा गर्दा वडा अध्यक्ष, नगर कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, वडा सचिव, सामाजिक परिचालक, विषयगत शाखाका कर्मचारीहरु सवैको अधिकतम रुपमा सक्रिय र प्रत्यक्ष सहभागीतामा जोड दिनुपर्नेछ ।

१८. वडा विकास योजना तर्जुमा गर्दा स्थानीय स्थानीय तह सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ दफा २४ को देहाय १ देखि १० सम्मका वुदाँहरुलाई प्राथमिकता दिई सो वमोजिम योजना कार्यक्रमको छनौट एवं तर्जुमा गर्नुपर्ने छ ।

१९. वडालाई प्राप्त हुन सक्ने वजेट सिलिङ0गको समुचित र न्यायोचित ढङ्गबाट बाँडफाँड हुन सक्ने गरी तोकिए वमोजिमका विषय र क्षेत्रलाई यथोचित सम्वोधन गर्न उच्च प्राथमिकता दिनुपर्नेछ ।

२०. वडा भित्र रहेका विषयगत शाखा, ईकाई  एवम् वडाभित्र कार्यरत रहेका गैसस एवम् सामाजिक संघ-संस्थाहरु बिच आवश्यक समन्वय र समान्जस्यता कायम गरी योजना छनौट एवम् तर्जुमा गर्नुपर्ने छ ।

२१. आ-आफ्नो वडाको विकट एवम् दुर्गम भेगका, अत्यन्त पछाडी परेका र हालसम्म कुनै पनि विकासका अवसर प्राप्त गर्न नसकि अवशरवाट बञ्चित हुन पुगेका गरिब भन्दा गरिब वर्गको पहिचान गरी उनीहरुको माग र आवश्यकता अनुसार योजना तथा कार्यक्रमहरुको छनौट गरी तर्जुमा गर्नुपर्ने छ ।

२२. जनसहभागिता जुट्न सक्ने आयोजना तथा कार्यक्रमलाई उच्च प्राथमिकता दिई प्रत्येक आयोजना तथा कार्यक्रममा लैङ्गिक सन्तुलन ( महिला र पुरुष) र सबै वर्गको समावेशी सहभागिता (दलित, आदिवासी जनजाती,उत्पिडीत,उपेक्षित, असहाय, विपन्न, अपाङ्ग, जेष्ठनागरिक, युवा, बालबालिका, द्धन्द्वपीडित, पिछडिएको वर्ग आदी) को सम्बोधन हुने गरी योजना तर्जुमा गर्नुपर्ने छ ।

२३. वडालाई आ.व.०७५।७६ को लागि प्राप्त हुने रकमबाट कर्मचारी, शिक्षक, सामाजिक परिचालक, सहजकर्ताहरु भर्ना गरी तलब भत्ता भुक्तानी गर्ने, मेशिन औजार उपकरण, ल्यापटप, कम्प्यूटर, प्रिन्टर, डिजीटल क्यामार, फर्नीचर आदि खरिद गरी खर्च गर्ने, स्वदेश भित्रका स्थानमा अध्ययन वा अवलोकन भ्रमण आदि कार्यमा  खर्च गर्ने गरी वजेट र कार्यक्रमको प्रस्ताव नगर्ने । यस किसिमको विषयमा खर्च गर्न आवश्यक देखिएमा सुशासन तथा संस्थागत विषय क्षेत्र ( अनुसूची ४.क ) अर्न्तगत माग गरि पठाउने ,

२४. वडा विकास योजना तर्जुमा गर्दा बस्ती-बस्ती र टोल-टोलबाट योजनाहरु माग गरी प्राप्त हुन आएका मागहरुलाई तोकिए वमोजिमको ढाचाँमा ( अनुसूची ३.ख.) प्राथमिकताक्रम  निर्धारण गर्नु पर्नेछ ।

२५. विगतमा वडाको श्रोत नक्सा, सामाजिक नक्सा, गरिबी नक्साङ्कन, विपन्नता स्तरीकरण नक्साङ्कन (DAG Mapping) को कार्य भै सकेको र सो को प्रतिवेदन वडा कार्यालयमा रहेको भएमा ती प्रतिवेदनहरुलाई योजना तर्जुमाको आधार लिनुपर्नेछ । साथै वडा भित्रको सूचना र तथ्यांकलाई योजना प्रस्ताव, छनौट र तर्जुमाको मुख्य आधार वनाउनु पर्नेछ ।

२६. आ-आफ्नो वडामा थोरै लगानीबाट बढी भन्दा बढी प्रतिफल प्राप्त गर्ने अभिप्रायले साझेदारीमा (PPP) कार्यक्रम संचालन गर्न गराउन उच्च प्राथमिकता दिनुपर्नेछ । जस्तै : उद्योग वाणिज्य संघ, राष्ट्यिं तथा अर्न्तराष्टिय दातृ निकाय र गैससहरु, गरिवी

२०७५।२।२०
प्रेम राज गिरी
प्रमुख प्रशासकीय अधिकृत

निवारण कोष, नीजि क्षेत्र आदि संग साझेदारी गरी कार्यक्रम संचालन गर्दा राख्नुपर्ने समपुरक कोष (Matching Fund) रकमको प्रस्ताव गरि नगरपालिकामा पठाउनु पर्नेछ ।

२७. आफ्नो वडाको कृषि, पशु, घरेलु, शिक्षा, पर्यटन, महिला र विपन्न वर्गको आय आर्जन, स्वास्थ्य सेवा, सिँचाई कुलो, खानेपानी, उत्पादन वृद्धि, स्थानीय रोजगार सिर्जना, मानव संसाधन आदी विषय र क्षेत्रको विकास र प्रर्वधनमा ध्यान दिनुपर्नेछ ।

२८. २०७४ वैशाख ३१ गते स्थानीय तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधि वहाल भएपछि वसेको पहिलो नगरसभाले स्वीकृत गरेको आ.व. २०७४।७५ को वार्षिक नीति, कार्यक्रम र योजनालाई समेत आधार मानी आ व ०७५।७६ को कार्यक्रमको प्रस्ताव र छनौटमा ध्यान दिनुपर्नेछ ।

२९. वडाले आफ्नो वडाभित्रका टोल विकास संस्था, बस्ती , दलित, महिला, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका (अपाङ्ग), जनजाती, अति विपन्न वर्ग, सामुदायिक संस्था, सामाजिक संघ-संस्था, युवा, पत्रकार, आदी सवै तह र तप्कावाट माग संकलन गरी (अनुसूची ३.क) तीनलाई तोकिए वमोजिम प्राथमिकताक्रम निर्धारण गरी(अनुसूची ३.ख) सो को आधारमा योजना तर्जुमा गर्नुपर्ने छ ।

३० वडाबाट योजना र कार्यक्रमहरुको प्रस्ताव र सिफारिस गरि स्वीकृतिको लागि नपामा विषयक्षेत्र छुटयाई विषय क्षेत्रको छुटटा छुटटै फ़ारम ( अनुसूची ४.क )पठाउने र वडालाई दिईएको सिलिङ०गले नभ्याउने तर उच्च प्राथमिकतामा परेका महत्वपुर्ण आयोजना तथा कार्यक्रमहरुको छुटटै सूची वनाई ( अनुसूची ४.ख.) वडावाट निर्णय गरि नगरपालिकामा पठाउनु पर्नेछ ।

३१. वडाको आन्तरिक आय बृद्धि गर्ने योजना तथा कार्यक्रम राख्नुपर्ने र नियमानुसार आन्तरिक श्रोत संकलन र परिचालनमा उच्च प्राथमिकता दिनुपर्ने छ । वडा भित्र व्यवसायीहरुको तथ्यांक लिई व्यवसाय कर संकलन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्नुपर्नेछ ।

३२. वडामा संचालन हुने रु ३ लाख र सो भन्दा माथिका सबै आयोजना तथा कार्यक्रममा पारदर्शिताको लागि आयोजना सुचना पाटी (Project Information Board) अनिवार्य राख्ने र सम्पन्न आयोजना तथा कार्यक्रमको सार्वजनिक परिक्षण (Public Audit) अनिवार्य गर्नुपर्ने व्यवस्थालाई वडाले उच्च प्राथमिकता प्रदान गर्ने ।

३३. वडाबाट आ.व. ०७५।७६ को लागि प्रस्ताव, छनौट र सिफारिस गरि पठाएका योजना कार्यक्रमहरु नगरसभावाट स्वीकृत भएपछि स्वीकृत भएको मितिले १५ दिनभित्र वडाले योजना कार्यान्वयन गर्ने कार्य तालिकाको प्रस्ताव ( नपावाट तोकिएको ढाचाँमा ) तयार गरी नगरपालिकामा पेश गर्नुपर्नेछ । र नगरपालिकाले सो वमोजिम कार्यान्वयनको एकिकृत कार्ययोजना वनाउने छ ।

३४. वडाले गरिबीमुखी नीति लाई जोड दिनुपर्नेछ । यस्तो नीति अर्न्तगत वडाले वडाभित्रको ग्रामिण (दुर्गम) र विकट क्षेत्रको पहिचान गर्ने, पहिचान गरिएका ती स्थानका जनतालाई आय आर्जनमा प्रत्यक्ष सेवा र टेवा पुऱ्याउने कार्यक्रमहरु पहिचान गर्ने, ग्रामिण विकट क्षेत्रका विपन्न वर्गका स्थानीय जनताको क्षमता र सीप विकास सम्बन्धी कार्यक्रमहरु तयार गर्ने, ती स्थानमा सामाजिक परिचालनको माध्यमबाट संचालन गर्न सकिने कार्यक्रमहरु वनाउने र विपन्न महिला, दलित, आदीवासी जनजाती, अपाङ्गता भएका व्यक्तिहरु, उपेक्षित उत्पीडित, पछाडी परेका विपन्न वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रमहरु संचालन गर्ने गरी योजना तथा कार्यक्रम तयार गर्ने कार्यलाई उच्च प्राथमिकता दिने ।

३५. वडाबाट संचालन गर्ने भौतिक पुर्वाधार अन्तर्गत ग्रामिण सडक निर्माण गर्दा नगर यातायात गुरुयोजनामा परेका यसभन्दा अगाडी सुचारु भईसकेका सडक (Road Head) बाट सुरु विन्दु हुनेगरी मात्र निर्माण गर्ने गरी योजना छनौट एवम् तर्जुमा गर्ने ।

साथै वडाकेन्द्रवाट नगरपालिका केन्द्र जोड्ने सडक र वडाभित्रका वस्तीहरुवाट वडा केन्द्रमा आउने सडकलाई प्रथम प्राथमिकतामा राखी सोही अनुसार छनौट र सिफारिस गर्नुपर्नेछ ।

३६. वडावाट योजना तथा कार्यक्रमहरु सिफारिस गरि पठाउदा बजेट फ्रिज नहुने गरी २०७६ वैसाख मसान्त भित्र अनिवार्य रुपमा सम्पन्न भई भुक्तानी समेत लिई सक्ने गरी आयोजना तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयन गर्ने कार्यलाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

३७. पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिई होम स्टे, स्थानीय हस्तकला उत्पादन, स्थानीय स्तरका संस्कृति भेषभूषा, वाजागाजाको संरक्षण र प्रर्वधन आदि कार्यक्रमहरु लाई प्राथमिकता दिने ।

३८. वडाको विगत आ.व.हरु देखिको पेश्की बेरुजु फछ्र्यौट गर्ने तर्फ क्रियाशिल रही पेश्की बेरुजु फछ्र्यौट गर्ने तर्फ न पा लाई सहयोग पुरयाउने । पेश्की र बेरुजु बिहिन वडा बनाउन संघीय सरकार, प्रदेशसरकार र नगरपालिकावाट जारी ऐन, कानून, कार्यविधि, निर्देशिकाहरुको कार्यान्वयनमा न.पा.लाई सहयोग पुरयाउने ।

३९. स्थानीय स्तरमा रोजगारी सिर्जना गरी वडावासीको आय आर्जन बृद्धि गर्नका लागी युवा स्वरोजगार कार्यक्रम, युवा उद्यमसीलता विकास कार्यक्रमलाई उच्च प्राथमिकताम राखी कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

४०. बैदेशीक रोजगारीमा गई फर्की आएका युवा युवतीहरु ले बैदेशीक रोजगारमा जाँदा प्राप्त गरेका ज्ञान, सीप लाई अधिकतम उपयोग गर्ने गराउने गरी कार्यक्रम तर्जुमा गर्नु पर्नेछ ।

७५।१२।२०

प्रेम राज गिरी
प्रमुख प्रशासकीय अधिकृत